# सामुदायिक वनको वर्तमान अवस्था र भावी कार्यदिशा

✍ **कमल प्रसाद भण्डारी**[1]

## पृष्ठभूमि

चालिस वर्षदेखि विकास हुँदै आएको नेपालको सामुदायिक वन कार्यक्रम राष्ट्रको गौरवको रूपमा पहिचान छ। प्राकृतिक स्रोत व्यवस्थापनको सन्दर्भमा यसले अन्तर्राष्ट्रिय स्तरमा समेत नविनतम अभ्यास स्थापना गर्न सफल भएको छ। नेपालका ग्रामीण समुदायको जीविकोपार्जनको प्रमुख आधारको रूपमा समेत यसलाई लिन सकिन्छ। लामो अभ्यासबाट जन्मिएको यो अवधारणाले नेपालको अर्थतन्त्रमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा टेवा पुऱ्याएको छ। कानूनी रूपमा नै सामुदायिक वनको विस्तार हुँदै जाँदा यो एउटा स्वायत्त संस्थाको रूपमा विकास भएको छ। वन ऐन, २०४९ ले सामुदायिक वन उपभोक्ता समूहलाई एक अविछिन्न उत्तराधिकारीवाला स्वशासित एवम् सङ्गठित संस्थाको परिकल्पना गरेको छ। त्यो आज आएर झनै सान्दर्भिक छ। यसैको परिणामस्वरूप हाल नेपालमा २२,३६६ सामुदायिक वन उपभोक्ता समूहद्वारा करिब २२ लाख हेक्टरभन्दा बढी वन क्षेत्रको व्यवस्थापन हुँदै आएको छ। (वन तथा भू-संरक्षण विभाग, २०७६)

वातावरण संरक्षण र भौतिक विकास विचको अन्तर द्वन्दले हरेक मानवलाई छोएको छ। वातावरणको सन्तुलन कायम राख्दै नेपालमा सामुदायिक वनको अवधारणा आए पश्चात् वन संरक्षणमा यसको प्रभाव ज्यादै सकारात्मक बनेको छ जसको परिणाम ३९ प्रतिशतमा रहेको वन क्षेत्र हाल आएर ४४.७४ प्रतिशत पुगेको छ। यसरी वन बृद्धि हुनुमा स्थानीय समुदाय तथा जनपक्षीय कानून बनाउन सहजीकरण गर्ने अग्रजहरूको अहम् भूमिका छ।

सामुदायिक वनको उपलब्धि र योगदानलाई विश्लेषण गर्न सकिने आधारहरू रहे तापनि यो कार्यक्रम स्थापना कालदेखि नै तराई, पहाडी, र हिमाली क्षेत्रमा एकै समयमा विस्तार तथा विकास हुन भने सकेन। हस्तान्तरणको सवाल, स्रोतको बाँडफाँड, उपभोक्ताको पहिचान, व्यवस्थापनमा सहभागिता, प्राविधिक सहयोग, विधान र कार्ययोजनाको संशोधन तथा परिमार्जन, समूहभित्रको सुशासन पद्धति, समय समयमा आउने विभागीय परिपत्र हुँदै देश सङ्घीय संरचानामा आइपुग्दा तीनवटै सरकारको साझा सूचीमा परेको सामुदायिक वनको विकास गति रोकिएको हो कि ? भन्ने आम जनगुनासो छ। यसै सन्दर्भमा सामुदायिक वनको विभिन्न क्षेत्रमा लामो समयसम्म काम गर्दै आउनु भएका विभिन्न व्यक्तिहरूसँग छलफल गरी सामुदायिक वनको वर्तमान अवस्था र भावी कार्यदिशाको बारेमा विश्लेषण गरिएको छ।

## चित्र बहादुर केसी

**अध्यक्ष, भगवानथुम्की सामुदायिक वन उपभोक्ता समूह, बनेपा-१०, काभ्रेपलाञ्चोक**

गाउँमा गएर एकएक गरी सिलिन्डर भिरबाट खसाइदिन्छु किन उपभोक्ताहरू दाउरा लिन वनमा आउँदैनन् ? २०४५-२०५० सालतिर वनमा दाउरा काटेर २५ पैसा किलो बिक्री गर्दा दाउरा किन्नेको लुछाचुडी हुन्थ्यो। अहिले निःशुल्क वितरण गर्दा पनि कोही लिन आउँदैनन्। सामुदायिक वनमा प्रशस्त दाउरा, घाँस, काठ छ। उपभोक्ताहरूलाई काठ बिक्री गरेको रकममाथि मात्र चासो छ। वनप्रति उपभोक्ताको चासो घट्नुको प्रमुख कारण नै वन पैदावारको आवश्यकता नभएर हो। सामुदायिक वनमा पानीको मुहान बढाउन भने सबैले जोड दिएका छन्। उपभोक्ताको स्तर उस्तै भएकाले सम्पन्नता स्तरीकरण गरिएको छैन तथापि विपन्न दलितको लागि बाखापालन घुम्तीकोषमार्फत प्रतिघर पाँच हजार वितरण गरिएको छ। अबका

[1] लेखक फरेष्टएक्सन नेपालमा आवद्ध हुनुहुन्छ।

दिनमा सामुदायिक वन स्वच्छ हावापानीको लागि हुने साथै काठ बिक्रीबाट आएको आम्दानी समुदायको इच्छानुसार खर्च गर्ने योजना रहेको छ । काठमाडौंबाट करिब २५ किलोमिटरको दुरीमा अवस्थित यो समूह पर्यापर्यटनको हिसाबले धेरै सम्भावना बोकेको हुनाले पनि आगामी दिनमा यो विषय सामुदायिक वन उपभोक्ता समूहको प्राथमिकतामा पर्ने देखिन्छ ।

## अप्सरा चापागाई

### अध्यक्ष–कप्सन नेपाल

ग्रामीण समुदायलाई आवश्यक पर्ने दैनिक उपभोग्य वन पैदावारहरू जस्तै– दाउरा, घाँस, स्याउला, सोत्तर, हलो, हरिस, गोल, बिड, घर बनाउने काठ आदिको सरल र सहज तरिकाबाट आपूर्ति गर्न वनको संरक्षणमा समुदायको सहभाागिता बढाएर संवर्द्धन तथा स्रोतको सदुपयोग गर्नका लागि समुदायलाई वन हस्तान्तरण गरिएको थियो । वनको दिगो तरिकाबाट व्यवस्थापन गर्दै आएका उपभोक्ता विभिन्न कारण (जस्तै– बालबच्चाको गुणस्तरीय शिक्षाको खोजीमा, रोजगारी गर्न, गाउँभन्दा सुखी जीवन जिउन, विकासको उपभोग गर्न)ले गाउँबाट सहरतिर बसोबास गर्न थालेका छन् । काम गर्न सक्ने मान्छे गाउँमा प्रायः छैनन् । बूढापाका र केटाकेटी मात्र गाउँमा बसोबास गर्दछन् जसले वन व्यस्थापनमा सहयोग गर्न सक्दैनन् वा समय दिन भ्याउँदैनन् । पशुपालन गर्नु नपर्ने, कृषिको काम गर्न नसक्ने हुँदा वनप्रति चासो अलि अलि राखे पनि व्यवहारिक रूपमा उनीहरूको आवश्यकता देखिदैन । अर्कोतिर सामुदायिक वनबाट समृद्धि ल्याउने नारा आयो तर वन उद्यमका कुरा कोरा कागजमा मात्र सीमित भए । समुदायको ठूलो हिस्साले वनबाट उद्यम सञ्चालन गरी समृद्ध हुने सपना बोकेका थिए उनीहरूले त्यसलाई कार्यान्वयन गर्न विविध झन्झट देखेर वा थालेका पनि सफल हुन नसकेपछि गाउँबाट पलायन भएका छन् । सामुदायिक वनको संरक्षणमा दिलो ज्यान दिएर लाग्ने उपभोक्ताहरू धेरैजसो गाउँ बाहिर गएपछि वन अब जङ्गलमा परिणत भएको छ । स्थानीय सरकार आएपछि विकासका नाममा सामुदायिक वनको क्षेत्रभित्र पनि बाटो विस्तार गर्ने, जमिनको अतिक्रमण, भौतिक पूर्वाधारको निर्माण जस्ता कामले वन क्षेत्रको अतिक्रमण बढेको छ । अब जसरी समाज चलेको छ सामुदायिक वन पनि त्यसैगरी चल्नुपर्दछ । अब गर्ने काम भनेको सहरमा मान्छेको बसोबास धेरै छ जो पर्यावरणदेखि टाढा छ उसलाई यसको महत्व बढ्ने हुँदा सामुदायिक वनभित्र पर्यापर्यटन, समुदायमा आधारित उद्यम, विपन्नहरूको पहिचान गरी उनीहरूलाई वन र कृषिमा आधारित रोजगारी, गाउँमा बसोबास गर्ने उपभोक्ताहरू वा विदेशबाट स्वदेश फिरेका युवालाई वन उद्यम गर्न आवश्यक पर्ने प्रविधि हस्तान्तरण, नयाँ परिवेश अनुसारको नेतृत्व विकास, सहकारीमार्फत सामूहिक खेती, स्रोत सङ्कलन, प्रशोधन र बिक्री वितरण केन्द्रको स्थापना गर्ने, वनमा उमेर पुगेका रूखहरू सङ्कलन गरी त्यसको बिक्री वितरण तथा काठजन्य उद्यम सञ्चालन गर्ने र यी सबै कामको संयोजन गर्ने काम स्थानीय सरकारले गर्नुपर्छ । समन्वयको काम गैससले, अधिकार र सचेतनाको काम फेकोफनले, प्राविधिक सहयोग सम्बन्धित वन डिभिजन कार्यालयले गर्दै अबका दिनमा समूहलाई नियमित उपभोक्ताको क्षमता विकास र सीप विकासमा सबै सरोकारवालाहरू लागिपर्ने हो भने सामुदायिक वनबाट समृद्धि आउन धेरै समय कुर्नु पर्दैन ।

## बुद्धिसागर पौडेल

### सह–सचिव–रेडसेल कार्यान्वयन केन्द्र

संरक्षण गरेपछि वन त बढ्यो तर उचित किसिमले संवर्द्धन हुन नसकेपछि झाडीमा परिणत भयो । त्यसैले सामुदायिक वन व्यवस्थापन जरुरी छ । वनको दिगो व्यवस्थापन कुन तरिकाले गर्ने भन्ने कुरामा वन प्राविधिकहरू समेत अलमल रहेको अवस्थामा सरकारले वैज्ञानिक विधीबाट वन व्यवस्थापनका पाइलोटिङ गर्दैछ । यद्यपि यो विधिको आलोचना पनि चर्को रूपमा उठेको छ । तराईको साल वन, पहाडको सल्लो वनमा त काठ प्रशस्त आएर त्यसको बिक्री गरी वन व्यवस्थापन गर्न आर्थिक रूपले सकिएला तर काठ न

आउने झाडीदार वन, पहाडका पाखाहरु जहाँ गैरकाष्ठ बढी छ, दाउरा घाँस बढी छ त्यहाँ कहाँको आर्थिक स्रोत जुटाएर  संवर्द्धन गर्ने ? उपभोक्ताहरूलाई दाउरा, घाँसको आवश्यकता छैन के  फाइदा देखेर झाडी सफा गर्न जान सक्छन् ? नेपालको दाउराको माग हुने ठाउँ भनेको एउटा आर्यघाट हो अन्यत्र दाउरा कसैले प्रयोग गर्दैनन् । यसले गर्दा अहिले सामुदायिक वनको मुख्य समस्या भनेको व्यवस्थापन हो तथा यसको लागि आवश्यक श्रोतको अभाव हो ।

आगामी दिनमा गर्न सकिने काम भनेको सामुदायिक वनहरूको वर्गीकरण गरेर वा स– साना सामुदायिक वन क्षेत्रहरूलाई एक ठाउँमा गाभेर व्यवस्थापन गर्ने । सामुदायिक वनको स्रोतबाट उद्यम सञ्चालन, समूहलाई आवश्यक पर्ने प्राविधिक तथा अन्य पाटोमा सहयोग पुर्‍याएर व्यवस्थापनमा जोड दिनुपर्दछ । वनबाट समृद्धि ल्याउन सकिन्छ तर यसलाई बहसको विषय बनाएर सबैले  गर्ने कार्यको दायरा बढाउनु पर्ने देखिन्छ ।

## उमा पौडेल

### प्रमुख–सामुदायिक वन अध्ययन केन्द्र, वन तथा भू-संरक्षण विभाग

पहिले र अहिलेमा सामुदायिक वनप्रति हेर्ने दृष्टिकोण बदलिएको छ । सामुदायिक वनको सुरुवातमा  दाउरा, घाँस, काठ, गोलको आवश्यकता पर्नेहरूको समूह समूह बिचमा बहस हुने, वन स्रोतको बाँडफाडका बारेमा छलफल हुने त्यसका लागि वनको संरक्षण गर्ने गरिन्थ्यो । काठ बिक्री गरेर आम्दानी बढाउने काम खासै थिएन । ग्रामीण समुदायका मानिसहरू दैनिक वन पैदावारमाथि चासो राख्दथे तर अहिले आएर सामुदायिक वन आर्थिक उपार्जनको एउटा दरिलो स्रोत बनेको छ । यसले गर्दा वनप्रति चासो राख्ने समूहहरू फेरिएका छन् । जुन सामुदायिक वनमा आर्थिक स्रोत बढी छ त्यहाँ सामुदायिक वनको नेतृत्वमा आउने प्रतिस्पर्धा छ जहाँ स्रोत कम छ ती समूहहरूमा निष्क्रियता देखिन्छ । कतिपय समूहहरूले पर्यापर्यटन, जडीबुटी खेती, वनमा आधारित उद्यम सञ्चालन गरेका छन् । तराईका साल वनमा वैज्ञानिक विधिबाट व्यवस्थापन गरेका छन् । तीमध्ये कुनै सामुदायिक वनमा काठ बढी निकाल्ने मनसाय राखी आमा रूख छोड्नुपर्नेमा हजुरआमा जस्ता अष्टबक्र रूख छोडेका छन् । तीबाट पुर्नउत्पादन हुने विरुवा कस्ता आउलान् ? जस्तो प्रकारको नेतृत्व शैली छ त्यसै प्रकारका सामुदायिक वनहरू देखिन्छन् । सामुदायिक वनभित्र कबुलियत वनको अवधारणा ल्याएर विपन्नहरूको जीविकोपार्जनमा सहयोग पुगेको थियो हाल आएर यो कार्यान्वयन हुन सकेको अवस्था देखिदैन । देशमा सङ्घीयता  लागू भएपछि सामुदायिक वन अन्योलमा परेको छ ।

आगामी दिनमा सामुदायिक वनलाई वर्गीकरण गरेर व्यवस्थापन गर्नुपर्ने देखिन्छ। किनभने वनप्रति धेरै उपभोक्ताहरूको चासो कम हुँदै गएको छ। वन व्यवस्थापनमा प्राविधिक सहयोग वन कार्यायलबाट नै हुनुपर्दछ। वन पैदावार बाहिर बिक्री गर्नेभन्दा उपभोक्ताभित्र नै खपत गर्न जोड दिनुपर्छ । यसो गरियो भने समूहमा आर्थिक पारदर्शिता राम्रो हुन सक्छ । दिगो वन व्यवस्थापनका लागि सम्बन्धित सरोकारवालाको समन्वय र सहकार्यलाई जोड दिँदै समयानुकूल अगाडि बढाउनु पर्दछ ।

## भारती पाठक

### अध्यक्ष–सामुदायिक वन उपभोक्ता महासङ्घ

हाल सामुदायिक वनको परिचालन वन ऐन, २०४९ ले दिएको अधिकार अनुसार भएको छ । पहिले संरक्षणबाट सुरुवात भएको सामुदायिक वन विस्तारै उद्यम विकास, समृद्धितिर लम्कदै गरेको अवस्था छ। विशेषगरी सामुदायिक वन उपभोक्ता समूहहरूले जीविकोपार्जन, वनमा आधारित उद्यम विकासमा जोड दिँदै आएतापनि सरकारले विभिन्न बहानामा अङ्कुश लगाएर सामुदायिक वनलाई नै असफल गराउने बाटो खन्दै गएको देखिन्छ ।  उद्यम सञ्चालन गर्दा व्यक्तिको लालपूर्जा राख्नुपर्ने, समूहदेखि तीन किलोमिटर भित्र उद्यम खोल्न

नपाइने, तीन तहका सरकारले समूहलाई फरक फरक कर लगाउने जस्ता समूहको अधिकार खोस्न सरकार लागेको छ। वनबाट जीविकोपार्जन गर्न सहजता नभएपछि धेरैजसो उपभोक्ताहरू जीविकोपार्जनको खोजीमा सहरतिर गएका छन्। सङ्घीय वन ऐन, २०७६ समुदाय मैत्री बन्न सकेन। वन व्यवस्थापनमा समूहको परम्परागत ज्ञानलाई बेवास्ता गर्दै वैज्ञानिक वन व्यवस्थापनलाई जोड दिइएको छ यसले महिला, विपन्नमाथि वनको अधिकार पुरै खोसेको छ। यो पद्धतिले सामाजिक, आर्थिक, पर्यावरणलाई प्राथमिकता दिएको छैन। समूहको कार्ययोजनाभन्दा वैज्ञानिक वन कार्ययोजना लागू गर्न बाध्य बनाइएको छ। वन व्यवस्थापनको क्षेत्रमा समूहका अधिकार खोसिन थाले तापनि यी अधिकारलाई पुर्नबहाली गर्दै समुदायको समृद्धिसँग जोडेर नीति नियम बनाउन र यसको उचित कार्यान्वयन गर्नमा जोड दिनु नै सामुदायिक वन उपभोक्ता महासङ्घको वर्तमान लडाई हो।

आगामी दिनमा सामुदायिक वनको संस्थागत विकास, उद्यम विकास, वनलाई कृषिसँग जोडेर जीविकोपार्जमा जोड दिँदै उपभोक्ताहरूमा सामाजिक जागरण, उत्पादनमा वृद्धि गर्दै समृद्धिको नारालाई सार्थक बनाउने बाटोमा लाग्नुपर्ने देखिन्छ।

## छत्र पौडेल

### पूर्व अध्यक्ष – फेकोफन, झापा

सामुदायिक वन सीमित वर्गसम्म मात्र पुग्न सफल भएको छ जबकि समुदायभित्रका गरिब, महिला, दलित, वनदेखि टाढासम्म पुग्नुपर्दथ्यो। आम उपभोक्ताको सामुदायिक वन हुन सकेन। समूहका दुई/चार जना विपन्नलाई खाट वितरण गर्दैमा, दुई/चार वटा बाखा वितरण गर्दैमा समाजको गरिबी घट्न सक्दैन। यो एउटा राहतमुखी कार्यक्रम भयो। समूहका विपन्न के चाहन्छन् कहिल्यै सोधिएको छैन। गरिबी न्यूनीकरणको लागि ३५ प्रतिशत खर्च हुन सकेन। यसलाई विपन्नको जीविकोपार्जनसँग जोड्ने प्रयास भएन।

सामुदायिक वनमा वैज्ञानिक वन जबरजस्ती छिराइएको छ। वनको सर्पट कटान गरिएको छ। २०५२/०५३ सालदेखि संरक्षण गरेका विरुवाहरू जुन परिपक्क हुन सकेका छैनन् ती पनि सबै काटिएको छ र जङ्गलभित्र ट्याक्टरले जोतेर सालको बीउ छरिएको छ। सरीसृप, चराचुरुङ्गीको वासस्थान लोप भएको छ। पानीका मुहान सुक्न थालेका छन् । ८० वर्षपछि काटिने प्लटका रूखको हालत के होला ?

आगामी दिनमा सामुदायिक वनबाट समृद्धिको बाटोमा लाग्नुपर्छ जसमा उद्यम विकास पर्यापर्यटनलाई समाजका विपन्नसँग जोड्नुपर्छ। वनलाई कृषिसँग जोडेर आम उपभोक्ताको जीविकापार्जनमा अभिवृद्धि गर्नुपर्छ। सामुदायिक वन अब विपन्नहरूको नारा बनाउनु पर्छ। महिला, दलित, विपन्नको सहभागितामा जोड दिनुपर्छ। नेतृत्वमा तल्लो तहका उपभोक्तालाई प्राथमिकता दिनुपर्छ। निर्णय प्रक्रियामा आम उपभोक्ताको सहभागिता बढाउनु पर्छ।

## डा. अनुजराज शर्मा

### पूर्व उप महानिर्देशक, वन विभाग

अहिले सामुदायिक वन विकेन्द्रित रूपमा विकास भएको अवस्था हो। सङ्घीयतामा गएपछि आर्थिक लाभको बाँडफाँडमा अल्झिएको छ। वनको व्यवस्थापन कसले गर्ने भन्ने पनि अलमलमा छ। जनताको दैलाको सरकार भनेको स्थानीय सरकार हो। यो सरकारसँग जनताका चौतर्फी विकासको माग छ। जनतासँग प्रत्यक्ष जोडिएकोले विकासको लागि ठूलो माग छ। सरकारलाई स्रोतको आवश्यकता भएपछि यसको भार वन क्षेत्रमा पर्नु स्वाभाविक प्रक्रिया हो।

सामुदायिक वनमाथि करको बहस चर्को रूपमा उठेको सन्दर्भमा आगामी दिनमा एक करोडभन्दा बढी आम्दानी हुने सा.व.उ.स.लाई पाँच प्रतिशत, ५० लाखदेखि एक करोडसम्मलाई २.५ प्रतिशत, १० लाखदेखि ५० लाखसम्मलाई १.५ प्रतिशत र १० लाखभन्दा कम

आम्दानीमा भएकालाई कर नलगाउने । उपभोक्ता समूहको क्षेत्रभित्र स्थानीय पालिकाको योजनामा परेका पूर्वाधारहरू निर्माण गर्दा पालिका र समूहबीच विकासमा साझेदारी स्थापना गर्न सकिन्छ। समूहले स्थानीय पूर्वाधारको लागि छुट्याएको रकम म्याचिङ फन्डको रूपमा प्रयोग गरी स्थानीय पालिकाको स्रोत समेत परिचालन गर्न सकिन्छ।

## विश्लेषण

सामुदायिक वनको अवधारणाको सुरुवाती चरणदेखि अहिलेको अवस्थासम्मको यात्रा पार गरुन्जेल नेपाली समाजको जीविकोपार्जनका तौर तरिकाहरूमा उल्लेखनीय परिवर्तन देख्न सकिन्छ । त्यस समयमा यति द्रुत गतिमा हुने विकासको परिकल्पना पनि गरिएको थिएन । सामुदायिक वनको अवधारणालाई विकसित रूप दिने काम वन विकास गुरुयोजना, २०४५ ले गरेको हो । यही आधारबाट वन ऐन, २०४९ र वन नियमावली, २०५१ ले सामुदायिक वनको संस्थागत विकासमा फलदायी भयो। सामुदायिक वनको विकासको गतिसँगै नेपाली समाजको फेरबदल कैयौ गुणा रफ्तारमा अगाडि बढेको छ। १० वर्षे सशस्त्र जनयुद्ध, २०६२/२०६३ को जन आन्दोलन, नेपाललाई भारतले लगाएको नाकाबन्दी, २०७२ सालको विनाशकारी महाभूकम्प लगायत विश्व व्यापीकरणले समाजको रूपमा अन्तर देखिएको छ। खासगरी गाउँबाट युवाहरू वैदेशिक रोजगारीमा बाहिरिनुले नेपाली समाजको आर्थिक समृद्धिको पाटो ह्वात्तै बढेको छ। यसको असर भनेको नेपाली ग्रामीण समुदायको ठूलो हिस्सा विशेषगरी मध्यम वर्गको बसाईं सहर केन्द्रित हुँदै जाँदा (नेपाली अर्थतन्त्र मध्यम वर्गले धानेका सन्दर्भमा) नेपालका गाउँहरू खाली प्रायः हुँदै गएका छन्। वन र कृषिमा आश्रित जीविकोपार्जनका आधारहरू फेरिदै गएका छन्। मानिसहरू अब ग्रामीण क्षेत्रबाट सहर केन्द्रित भएका छन्। गाउँमा बसोबास गर्नेहरूको पनि वनप्रतिको परनिर्भरता घटेको छ। दाउराको ठाउँमा ग्यास, घाँस चरनको ठाउँमा दाना पानीको प्रयोग, काठको आवश्यकता फलाम र आल्मोनियमले गर्दा सामुदायिक वनको संरक्षण, संवर्द्धन र सदुपयोगमा जनसहभागिता घटेको छ। गाउँमा मानिसहरूको बसोबास घट्दै जानु र कृषि कर्महरूको तौरतरिका वनसँग नजोडिन थालेपछि सामुदायिक वनको अवस्था भने पहिले जस्तो छैन । अब वन हैन जताततै झाडी बढेर जङ्गलमा परिणत हुन थालेको छ। बदलिँदो जलवायुका कारण मानिसको बसाइँसराई सहर केन्द्रित हुन थालेपश्चात पानीको माग बढेको, वातावरणको सन्तुलनका लागि वनको आवश्यकता बढेको पाइन्छ। यसरी हेर्दा वनको आवश्यकता झन् बढेको तर यसको प्रयोगको स्वरूप बदलिएको हो। सामुदायिक वनको महत्त्व विस्तारै विश्व वातावरण सन्तुलनका लागि, औद्योगिक राष्ट्रहरूले उत्सर्जन गरेको कार्बन सञ्चितीको लागि, सहरका मानिसहरूलाई घुमघामका लागि, स्वच्छ वातावरणका लागि, उद्यमको कच्चा पदार्थका लागि बढी महत्त्व बढेको पाइन्छ भने भौतिक पूर्वाधारको लागि पनि वनको माग बढेको छ।

पञ्चायती शासन व्यवस्थाबाट सुरु भएको सामुदायिक वन कानूनी अधिकारबाट हेर्दा सङ्घीय राज्य व्यवस्थामा आइपुग्दा यसको नाम निशाना नै हराउन थालेजस्तो भान हुन्छ। वन भनेको काठ हो भन्ने बुझाई बढेको छ र यसले वनको व्यवस्थापनबाट आउने लाभको बाँडफाँडमा ठूलो बहस सुरु भएको छ। सामुदायिक वन काठभन्दा बढी आवश्यकता दाउरा घाँस, स्याउला सोत्तर घर बनाउने काठ लगायतका दैनिक आवश्यकता परिपूर्ति गर्दै वनको व्यवस्थापन गर्ने पद्धतिबाट सुरुवात भएकोमा अहिले आएर समितिको सीमित व्यवस्थापनमा अडेको छ।वर्तमानमा स्थानीय समुदायलाई भन्दा सहर र विदेशमा बस्नेलाई वनप्रतिको चासो बढेको अवस्था छ। करको दायरा निर्क्योल नहुँदा समूहमा एक किसिमको त्रास फैलिएको सन्दर्भमा आगामी दिनमा वनको दिगो व्यवस्थापन र यसबाट आउने लाभको बाँडफाँड कसरी गर्ने बारेमा बहस चलिरहेको छ।

यस लेखमा सात विभिन्न व्यक्तिहरूसँग गरिएको कुराकानीमा सामुदायिक वनको आगामी कार्यदिशा निम्न अनुसारकोहुनसक्ने अनुमान गर्न सकिन्छ।

- वन क्षेत्रको वर्गीकरण गर्ने ।
- जुन सामुदायिक वनमा जे स्रोत छ त्यसलाई उद्यमको रूपमा विकास गरी समुदायका विपन्न समुदायलाई यसको हिस्सा पाउने व्यवस्था मिलाउने ।
- पर्यापर्यनको विकास र विस्तार गर्ने ।
- वातावरणीय सेवाको अवधारणालाई कार्यान्वयनमा ल्याउने ।
- वनमाथि लाग्ने करलाई स्थानीय सरकारले बढीमा पाँच प्रतिशतसम्म लिएर सोहीमध्ये प्रदेश र सङ्घमा जाने परिपाटी मिलाउने अर्थात् तेहोरो करलाई एकद्वार नीति बनाउने ।
- स्थानीय सरकारको निगरानीमा डिभिजन वन कार्यालयको प्राविधिक सहयोग, समूह सबलीकरण तथा संस्थागत विकासमा सामुदायिक वन उपभोक्ता महासङ्घ र गैससको भूमिकालाई अगाडि बढाउने ।
- समाजमा जो छन् उनीहरूलाई नेतृत्व हस्तान्तरण र उनीहरूको क्षमता विकास गराउने ।
- विपन्नहरूको आय आर्जन र आम उपभोक्ताका जीविकोपार्जनमा सहयोग हुने काममा समूहको आम्दानी खर्च गर्ने ।
- समूहको स्रोत बिक्री वितरणमा सरलीकरण गर्ने ।
- समूहलाई आवश्यक पर्ने चौकोस, फर्निचरका सामान तथा आवश्यक सामग्री समूहभित्रैबाट उपलब्ध गराउने परिपाटीको विकास गर्ने ।
- उपभोक्ताको दोस्रो पुस्तालाई वन तथा वातावरणको क्षेत्रमा संलग्न गराउने ।

## निष्कर्ष

उपभोक्ताहरूको दैनिक आवश्यकतालाई सम्बोधन गर्नको लागि सुरु भएको सामुदायिक वनको अवधारणाको विकसित रूप नै हालको अवस्था हो। वर्तमान सन्र्दभलाई आधार मानी आगामी दिनको योजना बनाई सामुदायिक वनलाई विशेष गरी गरिब विपन्न समुदायको समृद्धिसँग जोडेर लैजान सकिने देखिन्छ। करको दायरालाई एकद्वार प्रणाली अगाडि बढाई स्थानीय सरकार र समूहबिच सहकार्य, समन्वय र सह-अस्तित्वको आधारमा सामुदायिक वनको अवधारणालाई समय सन्दर्भ अनुसार विकास र विस्तार गर्दै अगाडि बढेमा बिग्रदो वातावरणको सुदृढीकरणमा टेवा पुर्‍याउन सामुदायिक वनको अहम् भूमिका हुनेछ।

अन्त्यमा आफ्ना विचार राखी महत्त्वपूर्ण सहयोग पुर्‍याउनु हुने चित्र बहादुर केसी, अप्सरा चापागाई, डा. बुद्धिसागर पौडेल, उमा पौडेल, भारती पाठक, छत्र पौडेल, डा. अनुजराज शर्मालाई विशेष धन्यवाद दिन चाहन्छु।